# महान्यायाधिवक्ताको कार्यालय

(कानूनी राय शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :

चलानी नं. : ४३९८

मिति : २०८१।३।१०

ने.सं. ११४४ तछलागा १० सोमबार

**विषय - कानूनी राय सम्बन्धमा ।**

श्री अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागी सिफारिस गर्ने सम्बन्धमा तँहा मन्त्रालय को च. नं. ४८९ मिति २०८१/ ३ /९ को पत्र तथा सम्बद्द फाईल प्राप्त भयो ।

सो सम्बन्धमा नेपाल धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा (३) मा धितोपत्र बोर्डको अध्यक्ष सिफारिस गर्न एक समिति रहने र उपदफा (४) मा त्यसरी समितिले नाम सिफारिस गर्दा उक्त ऐन बमोजिम योग्यता पुगेका कम्तिमा तीनजना व्यक्तिको नाम सिफारिस गर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। ऐनको दफा ७ को उपदफा (५) मा सिफारिस समितिले अध्यक्षको नाम सिफारिस गर्दा आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

उल्लिखित कानूनी व्यवस्थाका आधारमा सिफारिस समितिले नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नाम सिफारिस गर्दा नेपाल धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा (२) बमोजिमको योग्यता पुगेका कम्तिमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नुपर्ने अनिवार्य हुने र ऐन बमोजिमको योग्यता पुगेका तीन भन्दा बढी संख्यामा समितिले सिफारिस गर्न समेत बाधा पर्ने देखिदैन। साथै समितिले अध्यक्ष पदमा सिफारिस गर्दा कार्यविधि आफै निर्धारण गर्न सक्ने हुँदा उल्लिखित कानूनी व्यवस्था अनुसार सिफारिस सम्बन्धी आवश्यक निर्णय गर्न सक्ने देखिएको राय प्रस्तुत गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ। प्राप्त फाईल यसै साथ संलग्न गरिएको छ ।

.....२०८१।३।१०

(प्रतिमा पोखेल)
सहायक न्यायाधिवक्ता

फोन: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१५
फ्याक्स : ४२००८२७, एक्सटेन्ज : ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

Scanned with CamScanner